मिति २०७५ पौष १८ गतेको बैठकको निर्णय प्रति (बैठक : ४४

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.१**

यस नगरपालिका कार्यालयमा कार्यरत लेखापाल श्री श्यामबहादुर पराजुली माथि मिति २०७५।०९।१६ गते विहान ११.१० बजेको समयमा आफ्नै कार्यकक्षमा वसी काम गरिरहेको अवस्थामा यसै नगरपालिका वडा नं.६ बस्ने नविन कुमार श्रेष्ठले अचानक कार्यकक्षमा प्रवेश गरी निर्धात कुटपिट गरी रक्ताम्य तुल्याई विनाकारण घाइते तुल्याएको घटनाको घोर भर्त्सना गर्दै खेद प्रस्ताव पारित गर्ने र प्रेस विज्ञप्ती जारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

मिति २०७५ पुष १६ गते यस कार्यालयका लेखापाल श्री श्यामबहादुर पराजुलीमाथी विनाकारण भएको कुटपिटका घटनामा संलग्न व्यक्तिलाई यथाशिघ्र पक्राउ गरी प्रचलित कानुन बमोजिम हदैसम्मको कार्वाहि गर्न एवं अपराधि र कार्वाहि सम्वन्धि कृयाकलापलाई सार्वजनीक गरीदिनका लागी श्री जिल्ला प्रशासन कार्यालय लमजुङलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस नगरपालिका अन्तरगतका कर्मचारीहरूलाई आगामी दिनमा त्रास एवं भएरहित वातावरणमा काम गर्ने विषयमा आश्वस्त पार्न आवश्यक शान्ति, सुरक्षाको व्यवस्था मिलाउने र यसका लागी सम्वन्धीत निकायमा आवश्यक पहल समेत गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

मिति २०७५ पुष १६ (स्रोह्र) गते यस कार्यालयका लेखापाल श्री श्याम बहादुर पराजुली माथि भएको कुटपिटको घटनाका सम्वन्धमा विभिन्न माग राखी आन्दोलित रहेका कर्मचारीहरूलाई आफ्नो आन्दोलनका सम्पूर्ण कृयाकलपहरू स्थगीत गरी नियमीत रूपमा काममा फर्किन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**

मिति २०७५ पुष १६ गतेको कुटपिटको घटनामा परि घाइते भएका लेखापाल श्री श्यामबहादुर पराजुलीको उपचारमा आवश्यक सहयोग गर्दै घाईतेको शिघ्र स्वास्थ्यलाभको कामना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

अवका दिनमा उश्रृङखल, अराजक र अपराधिक कार्य हुन नदिन पूर्व सजगता अपनाउन र पहिचान तथा नियन्त्रणका लागी श्री जिल्ला प्रशासन कार्यालय र श्री जिल्ला प्रहरी कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।